# नेपाल राष्ट्र बैंक

## धनगढी कार्यालय

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

## (प्रथम पटक प्रकाशित मिति २०७२/११/०२)

नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयका भवनहरुमा रंगरोगन गर्नुपर्ने भएकोले ईच्छुक स्थायी लेखा नम्वर/मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र प्राप्त गरेका र सरकारी वा गैरसरकारी संस्थाको कालोसुचीमा नपरेका मर्मत तथा सम्भार र निर्माणको कार्य गर्ने फर्महरुले दरभाउपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र (Sealed Quotation) पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७२/११/१६ गते) को ४:०० बजेसम्म यस कार्यालयको ना.नो.आ.ही.फुटकर (२२०००००/०३०-००२-५२४) खातामा रु.५,००।- (रु.पाँच सय मात्र) नगद जम्मा (पछि फिर्ता नहुने) गरी फाराम खरिद गर्न सकिनेछ ।

२. सिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित मितिले १६ औं दिन (मिति २०७२/११/१७ गते) को १:०० बजेसम्म दरभाउपत्रदाताले यस कार्यालयको आन्तरिक प्रशासन फाँटमा बुझाउनु पर्नेछ । सिलबन्दी दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाताहरूको रोहवरमा सोही दिनको दिउँसो ३:०० बजे नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयमा दरभाउपत्र खोलिनेछ । तर, दरभाउपत्र पेश गर्ने वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

३. सिलबन्दी दरभाउपत्र खरिद गर्ने वा पेश गर्ने दिनमा सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनमा सो कार्य गरिने छ ।

४. रंगरोगन कार्यको अनुमानित लागत रु.४,७२,२२१।८३ (रु. चार लाख बहत्तर हजार दुई सय एक्काइस पैसा त्रियासी मात्र) रहेको छ ।

५. सिलबन्दी दरभाउपत्र पेश गर्दा कम्तिमा रु.१५,०००।- यस बैंक स्थित स.के.हि. पार्टी हिसाब (२२०९९९९/०११/०००/५२४) मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको यस बैंकबाट इजाजत पत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको नाममा जारी गरेको बैंक जमानत (बैंक ग्यारेन्टी) (दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ दिन मान्य अवधिको) पेश गर्नु पर्नेछ ।

६. सिलबन्दी दरभाउपत्र निर्धारित ढाँचामा दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रीतपुर्वक सहिछाप गरी सिलबन्दी खाम दरभाउपत्रदाता आफैंले वा आफ्नो प्रतिनिधि मार्फत वा हुलाक वा कुरियर मार्फत दरभाउपत्र पेश गर्नु पर्नेछ । तोकिएको स्थानमा अन्तिम मिति र समय भित्रै दरभाउपत्र आइ पुग्नु/पेश गरि सक्नुपर्नेछ ।

७. सिलबन्दी दरभाउपत्रको मान्य अवधि (दरभाउपत्र पेश गर्ने अन्तिम मितिले) पैतालीस दिनको हुनेछ ।

८. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकार/अस्वीकार गर्ने वा आंशिकरूपमा स्वीकार गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहनेछ ।

९. रीत नपुगेको वा म्यादभित्र प्राप्त नभएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम तथा सार्वजनिक खरीद ऐन २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (प्रथम संशोधन समेत मिलाइएको) बमोजिम हुनेछ ।

१०. यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, धनगढी कार्यालय आन्तरिक व्यवस्थापन फाँट (फोन नं. ०९१-५२७७०३) मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ । साथै, यो सूचना यस बैंकको वेबसाइट www.nrb.org.np मा समेत हेर्न सकिने छ ।

नेपाल राष्ट्र बैंक
धनगढी कार्यालय